म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१४ अङ्कः- ३२२ २०८० कार्तिक १ गते बुधबार 18 October 2023, Wednesday - पृष्ठ ४ मूल्य रु. ५/-

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला
QRL (Qualified Reference Lab)
हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।

सम्पर्क ०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौंडा-१, ब्लडबैंकअगाडि

## मानवसेवा आश्रमको मेची महाकाली अभियान सुरु

समाज संवाददाता

हेटौंडाः हेटौंडा-९ स्थित मानवसेवा आश्रमले राष्ट्रिय मेची महाकाली अभियान सुरु गरेको छ । मानवसेवा आश्रम र आनिछोइङ डोल्मा फाउण्डेसनको संयुक्त आयोजनामा शनिबारबाट सुरु भएको अभियान ४० दिनसम्म चल्ने मानव सेवा आश्रमको प्रदेश संयोजक होमनाथ पौडेलले जानकारी दिनुभएको छ ।

वि.सं २०७७ सालदेखि नै यो अभियान सुरु गरेको र अहिलेसम्म निरन्तरता दिँदै आइरहेको प्रदेश संयोजक पौडेलले जानकारी दिनुभएको छ । शनिबारदेखि सुरु अभियान देशका ७७ वटै जिल्लामा चलाउने लक्ष्य लिएको र अहिलेसम्म ९ वटा जिल्लामा यो अभियान गर्न सफल भइसकेको उहाँले बताउनुभयो ।

दशैं तिहारलगायतको पर्वहरुमा कुनै पनि मानिसले सडकमा जीवनयापन गर्न नपरोस् भन्ने उद्देश्यका साथ देशव्यापीरुपमा अभियान चलाइएको उहाँको भनाइ छ । अभियानका क्रममा भेटिएका सडकमा जीवनयापन गरिरहेका सहयोगापेक्षी मानवहरुको उद्दार गरिने उहाँले जानकारी दिनुभयो । मेची महाकाली अभियानले सडकमा बस्ने मानिसहरुको जीवन रक्षामा सहयोग पुग्ने उहाँले बताउनुभयो । मानवसेवा आश्रमको केन्द्रीय अध्यक्ष रामजी अधिकारी, आनिछोइङ डोल्मा फाउण्डेसनका अध्यक्ष छिरिङ डोल्मालगायत ४० जनाको सहभागितामा अभियान सञ्चालन गरिएको छ ।

# प्रहरी दिवसमा ज्येष्ठ प्रहरी सम्मानित



डम्बरबहादुर क्षेत्रीलाई सम्मान गरिँदै ।

समाज संवाददाता

हेटौँडाः ६८ औं प्रहरी दिवसको अवसरमा बागमती प्रदेश प्रहरी कार्यालयले विधागत उत्कृष्ट प्रहरीलाई सम्मान गरेको छ । मंगलबार हेटौंडास्थित प्रदेश प्रहरी कार्यालय परिसरमा आयोजित कार्यक्रममा पूर्वप्रहरी ९२ वर्षीय डम्बर बहादुर खत्रीलाई पनि सम्मान गरिएको छ । खत्रीलाई ज्येष्ठ प्रहरीको रुपमा सम्मान गरिएको हो ।

बागमती प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक किरण राणाको अध्यक्षता तथा बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलको प्रमुख आतिथ्य रहेको थियो । कार्यक्रममा आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठको पनि उपस्थिति रहेको थियो । कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै मुख्यमन्त्री जम्कट्टेलले प्रहरीलाई समयसापेक्ष बनाउँदै लैजानुपर्ने बताउनुभयो । प्रहरीलाई प्रविधिमा आधारित बनाएर शान्ति, सुरक्षा व्यवस्था कायम गर्नुपर्नेमा जोड दिनुभएका मुख्यमन्त्री जम्कट्टेलले प्रहरीलाई सवल बनाउन प्रदेश सरकारले राम्रो लगानी गरेको बताउनुभयो । प्रहरी अस्पताल निर्माणका लागि बहुवर्षीय आयोजनाको रुपमा समावेश गरिने उहाँले प्रतिवद्धता व्यक्त गर्नुभयो ।

आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठले प्रहरी समायोजन हुन नसके पनि प्रदेश सरकारले प्रहरीको भौतिक संरचना निर्माणमा लगानी गरेको बताउनुभयो । प्रदेश सरकारले प्रहरीका लागि ३ अर्ब ४७ करोड रुपैयाँ खर्चेर ५३ वटा भवन निर्माण गरिदिएको मन्त्री श्रेष्ठको भनाइ थियो । प्रहरी दिवसकै अवसरमा मंगलबार बिहान साहदत प्राप्त प्रहरीका परिवारलाई सम्मान गर्नुका साथै अमर प्रहरी स्मारकमा श्रद्धाञ्जली सभाको आयोजना गरेको थियो । प्रहरी दिवसको अवसरमा प्रदेश प्रहरी कार्यालयले विविध क्रियाकलाप गरेको थियो ।

मंगलबार प्रहरी दिवसको मूल समारोहमा बागमती प्रदेश सरकारका प्रमुख सचिव घनश्याम उपाध्याय, आन्तरिक ममिला तथा कानुन मन्त्रालयका सचिव ध्रुव गैंडा, हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीना कुमारी लामा, राक्सिराङ गाउँपालिकाका अध्यक्ष राजकुमार मल्लको पनि आतिथ्य रहेको थियो ।

## मकवानपुरमा बहुउद्देश्यीय सहकारीको लगानी २ अर्ब ७८ करोड

समाज संवाददाता

हेटौँडाः मकवानपुर जिल्लामा बहुउद्देश्यीय सहकारी संस्थाहरुको लगानी दुई अर्ब ७८ करोड रहेको छ । मकवानपुर जिल्ला बहुउद्देश्यीय सहकारी संघले दसौं वार्षिक साधारणसभाको अवसरमा मंगलबार सार्वजनिक गरेको विवरणअनुसार आर्थिक वर्ष २०७९/८० को अन्त्यसम्ममा संघमा आवद्ध २० वटा सहकारीले दुई अर्ब ७८ करोड ७३ लाख रुपैयाँ ऋण लगानी गरेको जनाएको छ । संघमा आवद्ध २३ वटा बहुउद्देश्यीय सहकारीमध्ये दुईवटा सहकारीले विद्यालय सञ्चालन गरिरहेकोले ती सहकारीले ऋण लगानी गरेका छैनन् ।

संघमा आवद्ध २३ वटा बहुउद्देश्यीय सहकारीको सेयर पुँजी ३९ करोड २१ लाख रुपैयाँ रहेको छ । २२ वटा सहकारीले एक अर्ब ८५ करोड ४९ लाख रुपैयाँ बचत संकलन गरेको छ । मकवानपुर जिल्लामा स्थापित ५० वटा बहुउद्देश्यीय सहकारी संस्थामध्ये ३२ वटा क्रियाशील रहेको र २३ वटा बहुउद्देश्यीय सहकारी संस्था जिल्ला संघमा आवद्ध रहेको अध्यक्ष रामहरि न्यौपानेले जानकारी दिनुभएको छ । बहुउद्देश्यीय सहकारी संस्थामा दुई सय ६० भन्दा बढीले रोजगारी पाएको अध्यक्ष न्यौपानेले बताउनुभएको छ । मंगलबार संघका अध्यक्ष रामहरि न्यौपानेको अध्यक्षता तथा राष्ट्रिय सभा सदस्य रामचन्द्र राईको प्रमुख आतिथ्यमा साधारणसभाको उद्घाटन कार्यक्रम भएको थियो । कार्यक्रममा हेटौंडा उपमहानगरपालिका ४ नम्बर वडाअध्यक्ष नवीन सिग्देल, जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेडकी अध्यक्ष कल्पना श्रेष्ठ, मकवानपुर जिल्ला सहकारी संघका पूर्वअध्यक्ष बद्रिप्रसाद लम्सालको पनि आतिथ्य रहेको थियो । कार्यक्रममा संघका सहयोगीलाई सम्मान समेत गरिएको थियो ।

## खसी बजारमा ग्राहकको चाप बढ्दो

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१० स्थित टीसीएन रोडमा रहेको खसी बजारमा खसी किन्न आउने ग्राहकहरुको चाप बढ्दै गएको छ । नेपालीहरुको महान चाड बडादशैं नजिकिएसँगै खसी बजारमा खसी किन्न आउने ग्राहकहरुको चाप उच्च भइरहेको छ ।

करिब ४ महिनाअगाडि खसी किन्न आउने ग्राहकहरुको संख्या १ हजारको हाराहारीमा हुने गरेको भए पनि अहिले ३ हजार ५ सयको हाराहारीमा हुने गरेको व्यवसायीहरुले बताएका छन् । खसी तथा बोकाको माग बढिरहेको छ तर मूल्य भने पहिलाको भन्दा घटिरहेको पाइएको छ ।

अहिले जिउँदो खसी प्रतिकेजी ५ सयदेखि ६ सय रुपैयाँसम्ममा बिक्री हुने गरेको व्यवसायी सरोज तामाङले जानकारी दिनुभएको छ । खसीको माग बढिरहेको तर मूल्य कम भएकाले ग्राहकहरुको चाप वृद्धि भएता पनि आम्दानी धेरै नभएको व्यवसायीहरुले गुनासो गरेका छन् । दशैंजस्तो महान पर्व आउँदा पनि खसीको मूल्य पहिलाभन्दा कम भएकाले न्यून मुनाफामा चित्त बुझाउनु परेको व्यवसायीहरुको भनाइ छ । खसीको माग बढेकाले फापरबारी, हटिया, भैंसेलगायतका ठाउँहरुबाट खसी ल्याएर बिक्री गरिरहेको व्यवसायीले जानकारी दिए । एउटा खसी बिक्री गर्दा ३ हजारदेखि ४ हजार रुपैयाँ नाफा हुने गरेको व्यापारीहरुको भनाइ छ ।

## लाओसलाई हराउँदै नेपाल विश्वकप छनोटको दोस्रो चरणमा

समाज संवाददाता

हेटौंडाः मनिष डाँगीले गरेको एक मात्र गोल मद्दतमा लाओसलाई पराजित गर्दै नेपाल फिफा विश्वकप २०२६ को एसिया छनोटको दोस्रो चरणमा प्रवेश गरेको छ । लाओसको मैदानमा मंगलबार भएको दोस्रो लेगको खेलमा नेपालले लाओसलाई १-० ले पराजित गर्दै समग्रमा २-१ ले विजयी भएको हो ।

यसअघि बिहीबार काठमाडौंको दशरथ रंगशालमा भएको पहिलो लेगको खेल १-१ को बराबरीमा सकिएको थियो । नेपाली फुटबलकै भविष्यसँग जोडिएको दोस्रो लेगको खेलमा प्राप्त विजयले नेपाली फुटबलमा ठूलो राहत मिल्नेछ । अब नेपालले छनोटको दोस्रो चरणमा समूह जी मा यूएई, बहराइन र यमनसँग होम एण्ड अवे गरेर ६ खेल खेल्न पाउने छ । यसअघि नै भएको दोस्रो चरणको ड्र मा यस समूहमा युएई र बहराइन थिए । यमन भने पहिलो चरणमा श्रीलंकालाई समग्रमा ४-१ ले पराजित गर्दै दोस्रो चरणमा पुगेको हो ।

मंगलबार भएको खेलमा नेपालका लागि मनिष डाँगीले दोस्रो हाफमा निर्णायक गोल गरेका थिए । उनले ५२औं मिनेटमा अन्जन विष्टको पासमा सिक्स यार्ड बक्सबाट वान टचमा गोल गरेका थिए । त्यसअघि पहिलो हाफमा दुवै टोलीले केही अवसर बनाएपनि फिनिसिङ गर्न नसक्दा अग्रता लिने अवसर गुमाएका थिए । खेलमा पहिलो अट्याकले लाओसले गरेको थियो । १८औं मिनेटमा लाओसका मिकाइल भाङको प्रहार नेपालका गोलकिपर किरण कुमार लिम्बुले बचाएका थिए ।

समृद्ध समाज राष्ट्रिय दैनिक
www.samriddhasamaj.com.np

## अस्पतालमा बिरामीको चाप घट्यो

समाज संवाददाता

हेटौंडाः दशैं सुरु भएपछि हेटौंडाका विभिन्न अस्पतालहरुमा बिरामीको चाप घटेको छ । हेटौंडा अस्पतालमा बिरामी आउने क्रम चाडपर्व आउनासाथ कम हुँदै मध्यम भएको हो ।

हेटौंडा अस्पतालको विभिन्न रोगको ओपीडी तथा इमर्जेन्सीमा बिरामीको आवतजावत मध्यम छ । अस्पतालको इमर्जेन्सी विभागमा दैनिक करिब ४ सय बिरामी उपचारका लागि आउने गरेकोमा अहिले २ सयको हाराहारीमा झरेको इमर्जेन्सी विभागका इन्चार्ज सन्तोष माझीले जानकारी दिनुभयो ।

हेटौंडा अस्पतालमा आगामी कार्तिक ४ गतेसम्म ओपीडी सेवा सञ्चालन हुनेछ । फूलपातीका दिनदेखि दशैं बिदा हुने भएकाले ओपीडी सेवा बन्द हुनेछ भने इमर्जेन्सी सेवा निरन्तर हुनेछ । अहिले इमर्जेन्सी विभागमा दमको बिरामी धेरै आउने गरेको माझीले बताउनुभयो । हेटौंडा अस्पतालका डाक्टरहरुका अनुसार ओपीडीमा समेत बिरामीको चाप कम हुँदै गएको छ ।






## सम्पादकीय

# सवारी दुर्घटना न्यूनीकरण

करिब एक महिनाभित्र मनाइने बडादशैं, तिहार र छठ पर्वको समयमा देशका सबैजसो क्षेत्रमा मानिसहरुको चहलपहल अत्याधिक हुने गर्दछ । घरबाट टाढा रहेका मानिसहरु यी चाडपर्वमा घर आउने जाने गर्दछन् । दशैंमा आफन्तकहाँ टीका लगाउन जानेहरु पनि उत्तिकै हुन्छन् । तिहारमा दाजुभाइ दिदीबहिनीकहाँ वा दिदीबहिनी दाजुभाइकहाँ टीका लगाउन जाने गर्दछन् । यही समयमा विभिन्न शैक्षिक संस्था, सामाजिक संघसंस्थाको अध्ययन अवलोकन भ्रमण हुने गर्दछ । पारिवारिक र साथीभाइसँग घुमघाम गर्ने क्रम पनि यस समयमा बढी नै हुने गर्दछ । चाडपर्वमा मानिसको आवतजावत बढी हुने भएका कारण यात्रुवाहक सार्वजनिक सवारी व्यवस्थापन सहज हुन सक्दैन । सवारी साधनहरुले यात्रुसँग बढी भाडा उठाउने क्रम यस समय व्यापक हुने गरेको जनगुनासो आउने गर्दछ । सवारी साधनहरुले क्षमताभन्दा बढी यात्रु बोक्ने र तिब्र गतिमा सवारी चलाउने कारण दुर्घटनाको जोखिम पनि बढी हुने गर्दछ । प्रहरी प्रशासनले दशैं तिहारजस्ता चाडपर्वको समयमा सवारी दुर्घटना न्यूनीकरण तथा व्यवस्थापनका लागि विशेष योजना सञ्चालन गर्ने गरेको भए पनि पूर्ण प्रभावकारी बन्न सकेको छैन ।

अघिपछिको तुलनामा चाडपर्वको बेला विभिन्न अपराध एवम् सवारी दुर्घटनाका घटनामा वृद्धि हुने गरेको विगतका तथ्याङ्कले पुष्टि गर्दछ । चाडबाडको समयमा हुने सवारी दुर्घटना र आपराधिक घटना कम गर्न प्रहरीले विशेष रणनीति तथा योजना बनाउने गरेको छ । दशैं-तिहारमा सुरक्षा व्यवस्था प्रभावकारी बनाउन मकवानपुर प्रहरीले विशेष सुरक्षा योजना बनाएर कार्यान्वयन गरिरहेको छ । अन्य समयमा भन्दा प्रहरी गस्ती बढाइएको छ । प्रहरीले सचेतनामूलक कार्यक्रम पनि गरिरहेको छ । आपराधिक क्रियाकलाप कम गर्न तालिमप्राप्त कुकुरसहित राजमार्गमा चेकजाँच सुरु भइसकेको छ । पूर्वपश्चिम राजमार्गमा सवारी दुर्घटना न्यूनीकरणका लागि यात्रुवाहक सार्वजनिक सवारी साधनका लागि टाइमकार्ड लागू गरेको छ । चाडपर्वलाई लक्षित गरेर राजमार्गमा सुरक्षा जाँच र गस्ती बढाएको छ । यति हुँदा पनि दशैं-तिहारको करिब एक महिना अवधिमा सडक दुर्घटनाको सम्भावना उत्तिकै रहने गर्दछ ।

यस वर्षको बडादशैं सुरु भइसकेको छ । दशैं सुरु भएपछि मकवानपुर जिल्लामा अहिलेसम्म ठूलो अप्रिय घटना नभए पनि सचेत हुनु आवश्यक छ । सवारी चाप अत्याधिक रहेको पूर्व-पश्चिम राजमार्ग र काठमाडौं-कुलेखानी-हेटौंडा सडकमा दुर्घटनाको जोखिम बढी रहन्छ । पूर्वपश्चिम राजमार्ग साँघुरो भए पनि सडकको अवस्था सन्तोषजनक नै छ । हेटौंडाबाट कुलेखानी हुँदै काठमाडौं जाने बाटोको अवस्था भने सबैतिर एकनासको छैन । भैंसे-भीमफेदी सडकखण्डमा वर्षौंदेखि चलिरहेको विस्तारको काम सकिएको छैन । कुलेखानीबाट चित्लाङ, चखेल, हुमाने र सिस्नेरी हुँदै काठमाडौं जाने चारवटा वैकल्पिक बाटोहरुको अवस्था पनि सन्तोषजनक छैन । यी बाटोहरुमा पनि विस्तार र मर्मतको क्रम चलिरहेकाले सवारी सञ्चालन जोखिमपूर्ण भइरहेको छ । साथै, काठमाडौंबाट बाहिरिने यात्रुहरुको अत्यधिक चाप हुने भएकाले कुलेखानी भई सञ्चालन हुने सुमोहरुले यात्रुसँग बढी भाडा लिने गुनासो विगतका वर्षहरुमा धेरै आउने गरेको तथ्यलाई बिर्सनु हुँदैन ।

चाडपर्वको बेलामा बढ्ने यात्रु चाप बढी हुने कारण क्षमताभन्दा बढी यात्रु बोक्ने, सवारी साधन दिनरात चलाउने र गति तिब्र हुने कारण दुर्घटनाको सम्भावना बढ्ने गरेको पाइन्छ । चाडपर्वको समयमा सरकारले यात्रुबाहक सवारी साधनका लागि रुट परमिट लिनु नपर्ने व्यवस्था गरिएका कारण पनि बाटोको राम्रो ज्ञान नभएको क्षेत्रमा सवारी साधन चलाउँदा दुर्घटनाको जोखिम बढी हुने गर्दछ । चाडपर्वलाई सुखद् र रमाइलो बनाउन सडक सवारी दुर्घटना नियन्त्रण गर्न विशेष चनाखो बन्नु आवश्यक देखिन्छ । चालकको लापरबाही र जनचेतनाको कमी दुर्घटनाको अहम् कारण मानिए पनि लापरबाही गर्नेलाई रोक्ने निकायको भरपर्दो उपस्थिति नहुनुले दुर्घटना बढाएको तथ्य नकार्न सकिँदैन । सवारी दुर्घटना पूर्णरुपले नियन्त्रण नभए पनि न्यूनीकरण गर्न सकिन्छ भन्ने कुरालाई स्वीकार गर्दै बढी दुर्घटना हुने कारण र क्षेत्र पहिचान गरेर त्यस्ता स्थानमा आवश्यक विशेष व्यवस्था अपनाउन सके दुर्घटना टार्न या कम गर्न सकिन्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : विचारको कदर हुने समय योग रहेको छ ।
**वृष** : काममा आफूभन्दा ठूलाको सहयोग प्राप्त ।
**मिथुन** : कामधन्धाले मानसिक तनाव बढ्ने समय छ ।
**कर्कट** : तिर्थ व्रत र देवालयका काममा सरिक भइने छ ।
**सिंह** : स्वास्थ्यमा सुधार योग रहने समय छ ।
**कन्या** : जिम्मेवारी र पदभार बढ्न सक्ने समय छ ।
**तुला** : ऋण सापटीले मानसिक तनाव बढ्ने योग छ ।
**वृश्चिक** : अध्ययन– अध्यापन मध्यमकारक रहने समय छ ।
**धनु** : आत्मबल र हौसला प्राप्त हुने समय योग छ ।
**मकर** : व्यक्तित्व विकासका काममा सरिक भइने योग छ ।
**कुम्भ** : खानपान र आहार– विहारमा सजगता अपनाउँदा राम्रो ।
**मीन** : वादविवादबाट विशेष बच्दा बचाउँदा राम्रो ।

# चाडपर्वले अर्थतन्त्रमा पार्ने प्रभाव

**कुनै देशको जिडिपीमा चाडपर्वको योगदानले विकासको नेतृत्व गर्छ र कहिलेकाहीं सुस्त हुन पनि सक्छ । त्यसैले देशको आर्थिक गतिविधिमा चाडपर्वले महत्वपूर्ण भूमिका खेल्ने देखिन्छ । चाडपर्वको मौसममा निम्न कुराहरू देखिन्छन्– विशिष्ट वस्तु र सेवाको माग तथा आपूर्तिमा अचानक वृद्धि, उच्च खपत दर अर्थात् खर्च गर्ने क्षमता, उत्पादन र निर्माणका केही क्षेत्रमा अचानक शिखर क्रयशक्ति बढ्छ ।**



✍शंकरमान सिंह




नेपालमा चाडपर्वहरू आन्तरिक उपभोग बढाउनका लागि उत्कृष्ट समय हुन्छन् । मन्दीबाट प्रभावित केही देशले उपभोग बढाउन चाडपर्वलाई बढावा दिन्छन् । बैंकहरूले चाडपर्वमा नगद (मुद्रा) को ठूलो माग देख्छन् । हो, चाडपर्वले देशको संस्कृति र अर्थतन्त्रमा ठूलो प्रभाव पार्न सक्छ ।

चाडपर्वले देशको सम्पदा, परम्परा र मूल्य-मान्यताका विभिन्न पक्षलाई मनाउँछन् र प्रदर्शन गर्छन् । तिनीहरूले सांस्कृतिक पहिचानलाई आकार दिन र मानिसहरूमा समुदायको भावना बढाउन महत्वपूर्ण भूमिका खेल्छन् । यहाँ प्रश्न छ कि कसरी चाडपर्वले देशको संस्कृति र अर्थतन्त्रलाई असर गर्छ ? चाडपर्वहरूमा प्रायः परम्परागत अनुष्ठान, प्रदर्शन र गतिविधिहरू समावेश हुन्छन्, जुन पुस्ताहरूबाट अवलम्बन गरिएका हुन्छन् ।

तिनीहरूले सांस्कृतिक अभ्यास र चलनहरूको निरन्तरता सुनिश्चित गर्दै युवापुस्तामा सांस्कृतिक ज्ञानको संरक्षण र प्रसारण गर्न मद्दत गर्छन् । सांस्कृतिक आदानप्रदान र समझदारीः चाडपर्वहरूले विभिन्न क्षेत्र र पृष्ठभूमिका मानिसलाई आकर्षित गर्छ, सांस्कृतिक आदानप्रदानलाई बढावा दिन्छ र विविध समुदायबीच आपसी समझदारीलाई बढावा दिन्छ । यसले अन्य संस्कृतिहरूका लागि सहिष्णुता र प्रशंसा बढाउन सक्छ ।

राष्ट्रिय पहिचानको सुदृढीकरणः राष्ट्रिय चाडपर्वले देशको एकता र पहिचानलाई सुदृढ बनाउन सक्छन् । तिनीहरूले ऐतिहासिक घटना वा महत्वपूर्ण राष्ट्रिय व्यक्तित्वहरूको अनुस्मारकको रूपमा सेवा गर्छन्, साझा राष्ट्रिय गौरव र देशभक्तिलाई बढावा दिन्छन् । कला र रचनात्मकता प्रवर्द्धनः चाडपर्वहरूमा प्रायः कलात्मक प्रदर्शन, शिल्प प्रदर्शनी र सांस्कृतिक प्रदर्शनहरू समावेश हुन्छन् । तिनीहरूले कलाकार र कारिगरहरूलाई आफ्नो प्रतिभा प्रदर्शन तथा देशको कला र रचनात्मकताको विकासलाई प्रोत्साहन गर्ने प्लेटफर्म प्रदान गर्छन् ।

अर्थतन्त्रमा पर्ने असरः पर्यटन र राजस्व सृजना– चाडपर्वहरूले आन्तरिक र अन्तर्राष्ट्रिय दुवै प्रकारका पर्यटकलाई ठूलो संख्यामा आकर्षित गर्न सक्छन्, जसले गर्दा स्थानीय व्यवसाय, होटल, र ेस्टुरेन्ट र यातायात सेवाहरूको राजस्वमा वृद्धि हुन्छ । आगन्तुकहरूको यो आगमनले यस क्षेत्रको समग्र अर्थतन्त्रलाई बढावा दिन सक्छ । रोजगारी सृजनाः चाडपर्वको तयारी र आयोजना गर्नका लागि महत्वपूर्ण कार्यबल चाहिन्छ, जसले आतिथ्यता, कार्यक्रम व्यवस्थापन र खुद्रा बिक्रीजस्ता विभिन्न क्षेत्रमा अस्थायी रोजगारीका अवसर निम्त्याउँछ ।

स्थानीय उत्पादनहरूको प्रवर्द्धनः धेरै चाडपर्वमा स्थानीय उत्पादन, शिल्प र स्मृतिचिह्नहरू समावेश छन्, जसले स्थानीय व्यवसाय र परम्परागत उद्योगलाई समर्थन गर्छ । यसले स्थानीय कला र परम्परा जोगाउन मद्दत गर्छ ।

पूर्वाधार विकासः चाडपर्वहरूमा बढ्दो आगन्तुकहरूको संख्यालाई समायोजन गर्न, सरकारी र निजी क्षेत्रहरूले सडक, सार्वजनिक सुविधा र यातायात प्रणालीजस्ता पूर्वाधारहरूमा सुधार गर्न लगानी गर्छन्, जसले यस क्षेत्रलाई दीर्घकालीन रूपमा फाइदा लिन सक्छ ।

सांस्कृतिक निर्यातः केही चाडपर्वले अन्तर्राष्ट्रिय मान्यता पाउँछन् र देशको संस्कृतिको प्रतीक बन्छन् । यसले विदेशी चासोलाई आकर्षित गर्न र देशको निर्यात राजस्वमा योगदान पुर्‍याउँदै परम्परागत कला, संगीत र खानाजस्ता सांस्कृतिक निर्यातलाई बढावा दिन सक्छ ।

साथै, चाडपर्वले देशको संस्कृतिलाई आकार दिन, समुदाय र पहिचानको भावनालाई बढावा दिन महत्वपूर्ण भूमिका खेल्छ र पर्यटन प्रवर्द्धन, स्थानीय व्यापार प्रवर्द्धन र रोजगारीका अवसर सिर्जना गरेर महत्वपूर्ण आर्थिक लाभ लिन सक्छ । तिनीहरू देशको सामाजिक र आर्थिक अवस्थाको एक आवश्यक पक्ष हुन् ।

चाडपर्व नेपाली संस्कृतिका महत्वपूर्ण भाग हुन् । यसले नेपाली अर्थतन्त्रमा ठूलो भूमिका खेल्छ । चाडपर्वको समयमा सामान तथा सेवाको माग सामान्य दिनभन्दा बढी हुन्छ । उपभोग गर्ने क्षमता उच्च हुन्छ, यसले आपूर्ति पक्ष पनि बढाउँछ । त्यसैले उत्पादकहरूले बढी उत्पादन गर्न सक्षम हुनुपर्ने हुन्छ भने आयात पनि उल्लेख्य रूपमा बढेको हुन्छ । त्यस्तै बुद्धिमानी जनताले पनि चाडपर्वमा बढी खर्च गरेर बजारको अवस्था राम्रो बनाउँछन् । यसको उत्कृष्ट उदाहरण दसैं, तिहार, छठ र अन्य पर्व हुन् ।

यसबेला फलफूल, मिठाई, खसी, बोका, राँगा, माछा, माटोको बत्ती, बिजुली बत्ती र सजावटको ठूलो माग हुने गर्छ । अर्कातर्फ मिठाई, चकलेटजस्ता उपहारहरुको पनि ठूलो माग हुन्छ । त्यस्तै नेपाली परम्परागत मिठाई जस्तै– लाखामरी, अर्स्रा, अनर्सा, फिनी, सेल आदिको माग पनि उत्कर्षमा हुन्छ । यी सबै विक्रेता-क्रेताहरू आर्थिक गतिविधिका हिस्सा हुन् ।

कुनै देशको जिडिपीमा चाडपर्वको योगदानले विकासको नेतृत्व गर्छ र कहिलेकाहीं सुस्त हुन पनि सक्छ । त्यसैले देशको आर्थिक गतिविधिमा चाडपर्वले महत्वपूर्ण भूमिका खेल्ने देखिन्छ । चाडपर्वको मौसममा निम्न कुराहरू देखिन्छन्– विशिष्ट वस्तु र सेवाको माग तथा आपूर्तिमा अचानक वृद्धि, उच्च खपत दर अर्थात् खर्च गर्ने क्षमता, उत्पादन र निर्माणका केही क्षेत्रमा अचानक शिखर क्रयशक्ति बढ्छ ।

नेपालको चाडपर्वको अर्थतन्त्रबारे कतिपय अर्थशास्त्रीको के अनुमान छ भने बजारका गतिविधिको ४० देखि ७० प्रतिशत दसैं, तिहार र छठ पर्वको वरिपरि मात्र हुन्छ । यी चाडपर्वमा खर्च गर्नका लागि उपभोक्ताहरूले अन्य १० महिनाको अवधिमा आफ्नो उपभोगमा बचत गर्ने विश्वास गरिन्छ । इलेक्ट्रोनिक्स रिटेलर, साना पसल, जनरल स्टोर, क्ले क्राफ्ट विक्रेताहरू यस अवधिमा उछाल देखिन्छन् । चाडपर्वले मानिसमा नयाँ जोस ल्याउँछ । मानिसहरूले थप ऊर्जा प्राप्त गर्छन् । आर्थिक अवस्थाले गर्दा यो वर्ष के हुन्छ, हेर्न बाँकी छ ।

चाडपर्वको समयले नीति-निर्माताहरूलाई घरपरिवारको आम्दानी बढाउनका लागि प्राथमिकता दिन स्मरण गराउनुपर्छ । पछिल्ला केही वर्षमा घरायसी आम्दानी स्थिर भएको छ र मुद्रास्फीतिले आम्दानीमा कुनै पनि वृद्धि भएको छैन । चाडपर्व मनाउनका लागि सरकारले पूर्वाधारमा लगानी गर्नुपर्ने, थप रोजगारी सिर्जना गर्नुपर्ने र घरपरिवारको आम्दानी बढाउनुपर्ने कटु वास्तविकता छ । यो स्पष्ट छ कि नेपालीहरूको प्रमुख चाड बडादसैं, तिहार, छठ र इद नेपाली अर्थतन्त्रलाई पुनर्जीवित बनाउने चाडबाडका रूपमा रहँदै आएका छन् । नेपालमा मनाइने प्रमुख चाडपर्वहरू यहाँको कृषिप्रधान अर्थतन्त्रसँग जोडिँदै आएका छन् । यसै सन्दर्भमा काठमाडौं उपत्यकामा इन्द्रजात्रा, मच्छिन्द्रनाथको जात्रासँगै चाडबाडको याम सुरु हुने गरेको मानिन्छ ।

यी चाडपर्वले नेपाली अर्थतन्त्रलाई पुनर्जीवन दिन्छन् । काम वा अध्ययनका सिलसिलामा आफ्नो घर वा थातथलो छाडेर आन्तरिक वा बाह्य आप्रवासनमा गएकाहरू घर फर्किन्छन् । तिनले आन्तरिक वा बाह्य रूपमा ल्याउने-पठाउने रेमिटेन्स र आयआर्जनको रकमले सहरी मात्र होइन, ग्रामीण अर्थतन्त्र पनि चलायमान हुन्छ ।

मुलुकमा दसैंको अर्थतन्त्र चलायमान बनाउनमा विगतका लाहुरेको उल्लेख्य भूमिका देखिन्छ । मलाया लाहुरे भनिने गोर्खा सैनिक बिदामा घर आउँदा त्यसले दसैंको रौनक पनि आफूसँगै बोकेर ल्याउँथे । विगत केही दशकयता यो भूमिका अलिकता बदलिएर खाडी लाहुरे भनिने वैदेशिक रोजगारीबाट फर्केका नेपालीमा सरेको छ, जसले वार्षिक १० खर्ब रुपैयाँबराबरको रेमिटेन्स घर पठाएर नेपाली अर्थतन्त्रलाई जस्तोसुकै संकटमा पनि चलायमान बनाउनमा उल्लेख्य भूमिका खेल्दै आएका छन् ।

विगतमा नेपाली आफैंले गरेको उत्पादनको लेनदनमा दसैं सीमित हुन्थ्यो । दसैंकै लागि भनेर कृषि उपज र खसीबोका पहिलेदेखि तयार पार्ने चलन थियो । अहिले परिस्थिति बदलिएको छ । आयको स्रोत बढेसँगै नेपालीहरू उपभोगको संस्कृतितर्फ उन्मुख भएको देखिएको छ । यताका केही वर्षमा दसैंतिहारमा चल सम्पत्ति जोड्नेदेखि घुमघाममा रमाउने संस्कृति बढ्न थालेको छ । घर र देशबाहिर रहेकाहरू चाडपर्व मनाउन फर्किने पुराना चलनलाई सपरिवार घुम्न निस्किने संस्कृतिले विस्थापित गर्न थालेको देखिन्छ । लामो छुट्टीको सदुपयोग गर्दै नेपालीहरू सिंगापुर, मलेसिया, बैंकक, थाइल्यान्डजस्ता गन्तव्यमा घुम्न निस्किन्छन् ।

केही वर्षअगाडि रेमिटेन्स, तलबलगायत शीर्षकमा यस समयमा २० अर्ब बढी रुपैयाँ बैंकिङ च्यानलबाट बाहिरिने गरेको नेपाल राष्ट्र बैंकले बताउँदै आएको थियो । त्यस्तै महालेखा नियन्त्रकको कार्यालयका अनुसार दसैंलगायत चाडपर्वमा सरकारी कर्मचारी (निजामती, सेना र प्रहरी) ले मात्र करीब ६ अर्ब रुपैयाँ बढी पेस्की बुझ्छन् ।

मुलुककै महान् चाड दसैंमा नै हो, औपचारिक क्षेत्रमा कार्यरत कर्मचारीले एक महिनाको अतिरिक्त तलब पाउँछन् । यसले पनि आर्थिक गतिविधि चलायमान बनाउँछ । सबैले पैसा खर्च गर्दा हुने गतिविधिले समग्र अर्थतन्त्र चलायमान बन्छ । मुलुकको अर्थतन्त्र अत्यधिक चलायमान हुने बेलाको भड्किलो खर्चले देशको परनिर्भरता झनै बढाउने मत पनि राख्नेहरू छन् । आर्थिक गतिविधि चलायमान राख्नका निमित्त चाडबाड आवश्यक देखिए तापनि यससँग आर्थिक विसंगतिका केही पक्ष पनि रहने गरेका छन् । सर्वप्रथम त चाडबाड आउनासाथ महँगी पनि आउने गरेको छ । फलफूल तथा तरकारीको भाउ दोब्बर वा अझ बढी हुन्छ । यातायात क्षेत्रको भाडा सबैभन्दा उच्च यही समयमा हुन्छ, चाहे गुणस्तर घटाएर होस् या मूल्य बढाएर, कुनै न कुनै तरिकाले चाडबाडमा ग्राहकहरूले सामान्य मूल्यभन्दा महँगो मूल्य तिर्नुपरिरहेकै हुन्छ । सर्वसाधारणसँग पुग्दो नगद भएकाले पनि उनीहरू बढेको मूल्य स्वीकार गरिरहेका हुन्छन् ।

चाडबाडमा हुने कालोबजारी अर्को विसंगति हो । चाडबाड मूलतः धार्मिक र सामाजिक प्रक्रिया हो । अहिले आएर त्यसमा विकृति देखिन थालेको छ । गहना प्रदर्शन, जुवातास वा मदिरा सेवन सामान्यसरह हुन थालेको छ । तसर्थ, यसको पृष्ठभूमिमा आर्थिक दृष्टिकोणबाट हेर्दा दसैं खुसीयालीको पर्वमात्र नभई सुस्ताएको बजारलाई चलायमान बनाउने पर्व पनि होरु । अहिलेको अवस्थामा उपभोक्ताहरूको क्रयशक्ति पनि घटेको छ ।

जब हामी आर्थिक चिन्तनको इतिहास हेर्छौं, हामी बुझ्छौं कि अर्थशास्त्रको विचार संस्कृतिको विचारसँग नजिकको सम्बन्ध छ, तर एक साझा विचारमा हामीले ध्यान दिनुपर्छ कि अर्थशास्त्र भनेको हामी हरेक दिन चेतनपूर्वक वा अनजानमा गर्छौं, यो एक हो । आज हामीले थाहा पाएका हरेक मानव संस्कृतिको साथमा संस्कृति विकसित भएको छ, तर यो आफैंको परिणाम होइन, यो गतिशील र स्थिर छैन । मानव अस्तित्व र अस्तित्वको मूल आधार सधैं अर्थशास्त्रको सिमानाभित्र घुम्दै आएको छ, यसरी प्रत्येक परिवारको आफ्नै अर्थतन्त्र छ, प्रत्येक गाउँ, प्रत्येक राज्य र राष्ट्रको । त्यसो भएकाले आफ्नो स्रोतअनुसार चाडबाडले अर्थतन्त्रमा असर पार्ने गर्छ । *(स्रोतः कारोबार दैनिक)*

# मेघ बिजुली विवाह

कथा



**कृषाङ्गी अर्याल**

सम्बन्ध एउटा मात्र यस्तो चिज हो, जुन जोडेपछि मात्र अघि बढ्दछ । यस प्राकृतिक नगरीमा जब जीवन पाईन्छ क्रमबद्धरूपमा त्यो बाल्यकालदेखि वृद्धावस्थासम्मका लागि सीमित क्षणको हुन्छ । सोही हदमा रचित यो कथा "मेघ बिजुली विवाह" ।

त्यो समय थियो, जब गृष्म ऋतुको चर्को घामले पोल्ने समयमा उदास र उराठ लागेको क्षण विस्तारै विस्तारै हट्दै सानो सिमसिमे पानीबाट ठूलो मुसलधारे पानी अनि गड्याङ्ग गुडुङ्ग गर्ने मेघलाई र कुनै समय चम्किलो स्वभावमा चम्किने बिजुलीलाई निम्त्याउँदै थियो ।

तब यस सुन्दर प्राकृतिक नगरीमा आमा वर्षाको आगमन हुन्छ । वर्षा आफ्नो दुधे बालकलाई बादल रुपी विमानमा राखी यसै सुन्दर प्राकृतिक पर्यावरणमा पाइला चाल्छिन् । मेघ एउटा सानो केटो जो गर्जिलो स्वभावको छ । उसले केही राम्रा कुरा देख्यो भने चाहियो भनेसी चाहियो चाहियो । हैन भने आफ्नो प्राकृतिक क्षमताका साथ, गड्याङ र गुडुङ गर्दै आफू हाँसेर अरुलाई तर्साउने वातावरण पनि बनाउन पछि हट्दैन ऊ । स्वभाव त्यस्तो नै गएपनि एकदमै माया लाग्दो र मेघ ।

जब मेघ हुर्किंदै जान्छ ऊ गर्जने बेला केही चम्किलो चिज कहिले काहीं चम्किरहेका जस्तो अनुभूति गर्छ । जब मेघ आफैं धुम्ने डुल्ने हुन्छ उसले थाहा पाउँछ कि त्यो चम्किलो चिज अरु कोही नभएर सुन्दर आकृति कि बिजुली पो रहेछिन् । हुर्किने क्रमदेखि नै बिजुलीको चमकता अति नै मन पराउँथ्यो मेघले । तर उमेरले अलि सानो भएको कारण उसले त्यो कुरा मनमै राखेर बसिरह्यो ।

कहिलेकाहीँ बिजुलीको सुन्दरता हेर्न मन लाग्दा ठूलो आवाजमा गड्याङ, गर्थ्यो । तर हुर्किंदै गरेकी छोरी न परी, त्यही समयमा चम्किनु ठिक नलागेर होला मेघको धेरै प्रयासमा पनि चम्किन ऊ । मेघलाई अत्ति नै औडाहा भइसकेको थियो । सानोमा चाहियो भनेसि चाहियो चाहियो भन्ने बानी ठूलोमा के सुध्रिन्थ्यो र । उही भन्छन् नि, नानीदेखि लाग्या बानी के सुधिन्छ र । हो ठ्याकै त्यहाँ उखानको भागिदार थियो मेघ ।

अब त मेघ पनि हुर्किसकेको थियो । अर्कोतर्फ विजुली पनि आफ्नो सुन्दरताको केही प्रतिशतको चमक मेघ गर्जिएको समयमा झिलिक गर्थिन् । यानिकि यी दुई बीच के थाहा एउटा अजम्बरी सम्बन्ध गाँसिने पो हो कि ? जन्मदिन परेको थियो मेघको । उसले सबै प्राकृतिक स्रोत अनि साधनहरूलाई निम्तो गरेको थियो । असार महिनाको ठ्याकै पहिलो दिन उसको जन्मदिन थियो । र सबैलाई बोलाएपछि बिजुलीलाई बोलाएन कि भन्ने नसोच्नु, उसलाई त पहिलो निम्तो गरेको रे । मलाई खुसुक्क आएर कानमा बताउँदै थियो मेघले । अनि त्यसैमा अर्को कुरा किन छुटाउनु, बिजुलीले पनि मेघ राति गर्जँदा विशाल झिल्काले उसलाई शुभकामना दिएकी थिइन्, यो चाहिँ अलि खुलाएको थिएन । मेघले त मैले आफ्नै आँखाले देखेको थिएँ । यो कुरा चाहिँ मेघसम्म पुग्नु भएन है फेरी । गड्याङ गरेर सात्तो लिदियो भने म नडराएनी "कतै न कतै क्षति त पक्कै पुछ । म विश्वस्त छु । जन्मदिन कै कुरालाई निरन्तरता दिँदै त्यस दिन आकाशमा पहिलो चोटि मेघ र विजुली एक-आपसमा भेट्दै थिए । सायद गर्जने र चम्किने कार्यसँग गरे उनीहरुले तर, आपसी भएको थिएन । जन्मदिनको पार्टी सुरु भयो तर मेघको आँखाले बिजुलीलाई भेट्टाइ सकेको थिएन र मनमनै सोँच्न थाल्यो कि, हैन मेरो अगाडि यति धेरै प्राकृतिक स्रोत साधन आएका छन् तर ति विशेष मुहार कहाँ लुकिरहेको छ ?" त्यो सोचिरहेको थियो मेघले उसको धैर्यता भङ्ग गर्दै केही चम्किलो चिज उसका अगाडि आएर जन्मदिनको शुभकामना मेघ भन्दै गर्दा ठूलो स्वरमा मेघ गड्याङ गऱ्यो अनि केही समयमा बिजुली पनि थोरै शरम मान्दै झिलिक झिलिक गर्दै थिइन् । जन्मदिन अत्यन्त भव्य रुपमा सकियो ।

त्यसपछि प्राकृतिक पर्यावरणमा नयाँ भिन्नता देखिन थाल्यो । हरेक चोटि मेघ गर्जँदा बिजुली चम्किएको देखिन थाल्यो । त्यहाँबाट पक्का भइसकेको थियो कि साँच्चै नै अब प्राकृतिक पर्यावरणमा केही न केही त पक्कै हुन गइरहेको छ भन्ने । मेघ त अलि चलाख पो निक्लियो ! कसैलाई थाहा नदिई आफ्नो जन्मदिनमा खुसुक्क बिजुलीलाई आफ्नो मनको कुरा भनिसकेछ चतुरले । त्यस दिन अन्तिममा पानी रोक्किने बेलामा केही ठूलै आवाजमा मेघ कराएर विजुली चम्किने क्रममा मानव बस्तीको क्षति पनि भएको थियो तर त्यो कुरा उल्लेख गर्दै गर्ने क्रममा छुटाएछु मैले । हो स्वतः त्यही समयमै कुरा पक्का भइसकेको रहेछ ।

आफ्नो मनको कुरा मेघले आफ्नो आमा सामु राख्यो । एउटा मात्र छोरो भएका कारण मेघ कै राजीखुसीअनुसार उनकी आमाले बिजुलीको घरमा हात माग्न बादलरुपी विमान चढेर जाने निधो गरिन् ।

सबै कुरा पक्का भयो अब, विवाहका लागि असारे लगन नै जुऱ्यो । गड्याङ गुडुङ गर्दै अब सुरु भयो प्राकृतिक विवाह । बाँसको झ्याङमा झ्यालीहरुले झिमझिम आवाज बजाउन थाली सके । हरियो दोसल्ला भिरेर पहाड पुरेत्याइँ गर्दै मस्त छन् । मयूरको त्यो सरिलो बोली श्रवण मार्ग बनेको छ । हावाका झोक्काहरु हल्लाएको त्यो वन मण्डप बनेका छन् । त्यस मण्डपलाई थप सुन्दरतापूर्वक बनाउन रुची अनुसारको चँदुवा जसलाई जग्गेमा टाङ्ने चौकुने कपडाको रुपमा प्रयोग भएको जस्तो देखिन्छ । यस सन्दर्भमा विवाहको रमझम प्रष्ट देखिन्छ त्यो निलो आकाशमा ।

तन्नाको रूपमा पृथ्वीको प्रयोग भएको देखिन्छ भने गलैँचाको रुपमा मखमली फूल जुन कहिले ओइलाउँदैन र हरियो चउरेहरूको प्रयोग भएको देखिन्छ । त्यो सूर्यका राता प्रकाश हिमश्रृङ्खलामा ठोक्किएपछि देखिने त्यो रूप मेघको शिरको पगरी बनेको छ । त्यही सेता रङ्गको अस्तित्व बोकेर शान्तिको प्रकाश छर्ने बकुल्लाहरु स्वतन्त्र रुपमा उडेर जन्ती बनेका छन् । जन्त आएका जन्तीको के कुरा विवाहको रौनक नै छुट्टै भएको छ ।

अब बेहुली सिङ्गार्ने पालो भएको छ । सुन्दर रङ्गहरुको समिश्रणमा बेहुलीलाई राम्री बनाउन पऱ्यो । बेहुलीलाई सजाउनका निम्ति सितारे घुम्टिको रुपमा जुनकिरीलाई प्रयोग गरिरहेका छन् उनकी दिदीबहिनीले । इन्द्रेणी, सात रङ्गको सुन्दरता झल्काउँदै बसेका दिन उनलाई कपडाकै रुपमा प्रयोग गरिएको छ । विवाह, बेहुलीको कुरा आएपछि घुम्टी त अवश्य नै हुन्छ र यस प्राकृतिक विवाहमा त्यस क्षणलाई घाम अस्ताउने समयको झल्को देखिन्छ ।

यसरी मेघले आफ्नो बेहुलीलाई लिएर सलामी बाजाका साथ शरद ऋतुमा जान्छ र सपनाका बाढी पूरा गर्न थाल्छ । तबबाट मेघ कराउन र बिजुली चम्किन छाड्छ ।

*कक्षा-१०, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल*

## चित्रकला



**रोजा केसी**
कक्षा:-१०
आधुनिक राष्ट्रिय मावि, हेटौंडा-४



**दिपासना थापा**
कक्षा:-१०
जिएस निकेतन, हेटौंडा-५

# यात्रा



**रोशनी सापकोटा**

जीवन भनेको नै अनेकौं सुख दुःखको यात्रा हो । जीवनको यात्रामा झरी बादल, उकाली ओराली आउनु कुनै अनौठो कुरा पनि होइन । अनगिन्ति भञ्ज्याङ र चौतारीलाई पार गर्दै ठूल(ठूला जङ्घार, खोला, पाखा, पखेरालाई मित्रतामा परिणत गर्दै अगाडि बढ्नु चुनौति पनि त हो । कुनै रहरले त कुनै कहर अनि कुनै मनोरञ्जनले विभिन्न यात्राहरूमा होमिनु पर्ने रहेछ । जीवनको महत्त्वपूर्ण यात्रामा निस्कनुको मज्जा बेग्लै हुँदो रहेछ अनि पैसाले कतिपय यात्राहरु पनि किन्न नसकिने रहेछ ।

यस्तै यात्रा गर्ने क्रममा २०७८ पुसको अन्तिम साता स्कुलले भ्रमण लाने भने सूचना पाइयो । हामी सबै तयारी तर्फ लाग्यौं । बिहानै ४ बजे नै उठेर हाम्रो यात्रा हेटौंडाबाट घले गाउँसम्मको सुरु भयो । म र मेरा साथीहरु उत्सुकताले रातभर सुतेका थिएनौँ । फोनद्वारा साथीहरुसँग बोल्दा तीन बजिसकेछ । त्यसको पत्तो पाएनौँ । तीन बज्नासाथ म र मेरा साथीहरुको तयारी सुरु भयो । हामी सबैजाना एकैचोटी आआफ्ना घरबाट तयार भएर निस्क्यौँ । स्कुल पुग्दा त मेरा अन्य साथीहरु हाम्रै पर्खाइमा बसेका रहेछन् । हामी सबै खुसी साथ बस्यौँ । हाम्रो बसको यात्रा सुरु भयो । हामी सबै गीत सुन्दै नाच्दै रमाइलो गरिरहेका थियौँ । हामीले खाना खान आँबुखैरेनीमा लाग्यौं । भोकले चुर भएको बेला सबैले मज्जाले पेट भऱ्यौं ।

त्यस्पछि हाम्रो यात्राले आफ्नो रफ्तार अगाडि बढायो । हामी बेलुका ७ बजे आफ्नो गन्तव्यमा पुग्यौँ । आ-आफनो होमस्टेमा सामान राख्यौं । रोदी हेर्न जानका लागि तयार भयौं । साच्चै रोदी घर रोदी घरजस्तै थियो । त्यँहाको दृश्यले मेरो म नै महोक बनाएको थियो । नाच हेरिसकेपछि हामी हाम्रो होमस्टेमा फर्कियौँ । हामी सबै भोकाएका थियौँ । हामी होमस्टेमा पुगेपछि हाम्रा लागि खाना तयार भएको रहेछ । रातको समयमा केही नाचगान गर्दै कुराकानीमा रमाउँदै भिडियो र फोटो खिच्नसमेत भ्यायौं । समयको बारेमा हामी अनविज्ञ थियौं । हाम्रा अन्य साथीहरू अर्को घरमा थिए । हामीले सोच्यौं कि तिनीहरू सुतिरहेका छन् तर तिनीहरू हामीलाई डराउनका लागि सुत्न पर्खिरहेका रहेछन् ।

रातको १० बजेपछि ओछ्यानमा निद्रादेवीलाई भेट्न गयौँ । तिनीहरूले आवाजहरू निकाल्न थाले जुन धेरै डरलाग्दो थियो । म निदाइरहेको थिएँ तर मेरा साथीहरू बसका केही भिडियोहरू हेरिरहेका थिए । मेरा साथीहरू यति डराए कि उनीहरूले मलाई ब्युँझाइदिए । जब म ब्यूँझें, हामीले धेरै आवाजहरू सुन्यौं । कोही छ वा छैन भनेर ढोकामा हेरें । कोही भेटिएन । सबैतिर अँध्यारोको राज थियो । जब हामी हाम्रा साथीहरू सेतेका छन् कि छैनन् भनेर हेर्न गयौं । हामीले किन हाँस्नुभयो भनेर सोध्दा उनीहरू अझै हाँसिरहेका थिए । तिनीहरूले ती आवाजहरू कसले यस्तो आवाज रातको समयमा निकाले भन्ने प्रश्नमा प्रतिउत्तर थियो कि थाहा छैन । अब हामी सबै डराएको थियौं र आफ्नो घरमा बसेर बिहान फर्कियौं ।

बिहान निद्रा नै नपरी उज्यालोले बालायो । उज्यालोको मायाप्रेममा अल्झेको जिन्दगीले अर्को गन्तव्य खोज्दै थियो । हामीले त्यस ठाउँलाई माया मार्ने सोच बनाई त्यहाँबाट अर्को स्थानमा जान आफ्ना सामानहरू प्याक गऱ्यौं । हामी बन्दीपुर जाने तयारीमा लाग्दै गर्दा फूल र टीकाले विदाइ गरेको दृश्यले हाम्रो मन भावुक भएको थियो । बन्दीपुर पुग्दा हामी सबै भोकाएका थियौं । बिहानको ११ बजे हामीले आफ्नो पेटको मुसा मार्न पायौं । हाम्रा केही साथीहरू आफ्ना शिक्षकहरूसँग हिल चढ्न गएका थियौँ । हाम्रो परिवारका लागि केही कुराहरु तथा मायाको चिनो किन्न गयौं । विभिन्न देशका पर्यटकसँग गफ गर्दा रमाइलो नै भएको थियो । घुम्दा घुम्दा थकाइले हामीलाई माया गर्दै थियो । हामी चाँडै सुत्यौं । गोरखाका लागि चाँडै उठ्यौं र बिहानै गोरखा लाग्यौ । गारेखाको साँघुरो बाटोमा घुमाइरहँदा केही साथीहरु पछि पनि घुमिरहेका थिए । मन्दिर र दरबारको दर्शन गरेर हामी आफ्नो बासस्थानतर्फ लाग्यौं ।

साथीहरूसँग बिताएको सबैभन्दा अचम्मको समय थियो जुन म कहिल्यै बिर्सन सक्दिनँ कि यो धेरै अविस्करणीय थियो । अलिकति डरलाग्दो भएपनि हाम्रा साथीहरूले हामीमा ठट्टा गरे तर हामीलाई अहिलेसम्म थाहा थिएन कि हाम्रो ढोका कसले ढकढक गऱ्यो भनेर । बन्दीपुर र गोरखामा म यसरी नै अर्कोपटक साथीहरूसँग कतै जान पाऊँ भन्ने कामना गर्छु ।

विदेशी तथा आन्तरिक पर्यटकहरु पदयात्रामा निस्किनु सुन्दर पक्ष हो भने हामी नेपालीले आफ्नै देश नेपाललाई चिन्न सके मात्र संसारलाई चिनाउन सकिन्छ, त्यसैले तपाईं हामीले आन्तरिक घुमघामलाई अभियानकै रुपमा अगाडि बढाऔं र देशलाई समृद्धिको बाटोतर्फ उन्मुख पारौं ।

*कक्षा १२, हेटौंडा स्कूल अफ म्यानेजमेन्ट*

# तिहार



**एन्सिका खड्का**

वर्षमा एकचोटी
उज्यालो बनाउने
चाड तिहार
झिलिमिलि देखेर
सबैको मन फरर
सबैको मनमा
धेरै खुसी ल्याउने
भैली खेल्न
गयो भने पैसा र
दान दिएर पठाउने

नाच्ने, गाउने चाहाना
हुन्छ सबैको
तिहारमा रङ्गीविरङ्गी
झिलिमिली बत्तीको साथमा
देउसी भैलो
हरेक आँगनमा
पाक्छन् सबैको घरमा
मिठो मिठो खानेकुरा
सबै जनाको भेट हुँदा
साट्छन् धेरै कुरा

*नवोदय शिशु सदन*

# म



**सन्देश अधिकारी**

म लेख्दै सिक्न चाहान्छु
तर शब्द छनौट गर्न जान्दिन
म साहित्यिक विधामा रम्न चाहान्छु
तर सो विधालाई व्यक्त गर्न जान्दिन

सबै खेल खेल्दै रमाउन चाहान्छु
तर मेरो शरीरले मसँग खेल्न जान्दैन
फेरी कोशिस मेरो खेल्छु र खेलाउनेको
तर पनि खेलले मलाई खेलाउन जान्दैन

म साथीहरु बनाउँदै मित्रता गाँस्न चाहान्छु
तर पनि उनिहरु मलाई जान्न चाहन्छन्
खै किन भाग्छन् सोध्दै जान्न चाहान्छु
भौतारिँदै उनिहरुसँग आइपुग्दा टाढा बस्न चाहान्छन्

म म भित्रको कमजोरी हटाउन चाहान्छु
तर त्यो खोजले मलाई देख्न जान्दैन
हरेस त म पनि खाँदिन आफ्नो कमजोरी हटाउन
आफ्नै भरोसा र कडा परिश्रम आफ्नै अस्तित्व बनाउन ।

*कक्ष-१०, कमाने एकेडेमी, हेटौंडा-८*

## बुधबारे बालसाहित्य विशेषबारे

मकवानपुर जिल्ला पठन संस्कृतिका हिसाबले कमजोर अवस्थामा रहेको जिल्ला हो । हामी पछिल्लो समय विद्यालय तहका विद्यार्थीलाई नै पाठ्यक्रमका पुस्तकबाहेक अन्य पाठ्यसामग्री अध्ययन गर्नुपर्ने आवश्यकताबारे बुझाउने प्रयासमा छौं । यस क्रममा हामीले ७ कक्षाभन्दा माथिल्लो कक्षाका विद्यार्थीलाई दैनिक पत्रिका विद्यालयबाटै वितरण गर्ने गरेका छौं । यो अभियानमा सहकार्य गर्ने विद्यालयप्रति आभारी छौं । विद्यार्थीलाई पत्रिकामा आफ्नै रचना अध्ययनको अवसर रह्यो भने पठनप्रति अझ बढी रुचि जागृत हुने अपेक्षा गरेका छौं ।

हामीले हरेक शनिबार साहित्यिक रचना प्रकाशन गर्ने गरेका छौं । शनिबारको अंकमा विद्यार्थीका रचनालाई पर्याप्त स्थान दिन सम्भव नभएका अवस्थालाई ध्यानमा राखी आजदेखि हरेक बुधबार पहिलो चरणमा पेज ३ लाई बालसाहित्य विशेषको रुपमा प्रस्तुत गर्ने जमर्को गरेका छौं । यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।

**सम्पादक ।**

# गाउँपालिकास्तरीय फुटसलको ८ खेल सम्पन्न

समाज संवाददाता

हेटौंडाः मकवानपुरगढीमा जारी गाउँपालिकास्तरीय रनिङ शिल्ड फुटबल प्रतियोगितामा मंगलबार ८ खेल सम्पन्न भएको छ। मकवानपुरगढी-३ स्थित भानु मिनीपिचमा गढी स्टार क्लबको आयोजना तथा मकवानपुरगढी गाउँपालिकाको आर्थिक सहयोगमा छैटौं संस्करणको गाउँपालिकास्तरीय रनिङ शिल्ड फुटसल प्रतियोगिता भइरहेको हो ।

मंगलबारको पहिलो खेलमा देवीडाँडा युवा क्लबले वडा नं. ८ लाई ६-२ गोल अन्तरले पराजित गरेको छ। दोस्रो खेलमा चन्द्रसूर्य युवा क्लबले खेलकुद विकास समितिलाई ९-० गोल अन्तरले पराजित गरेको छ । तेस्रो खेलमा प्रतिभा युवा क्लब 'बी'ले नागरिक सचेतना क्लबलाई ९-० गोल अन्तरले पराजित गरेको हो ।

चौथो खेलमा सौजन्य युवा क्लबले सनराइज स्पोर्टस् क्लबलाई ११-१ गोल अन्तरले पराजित गरेको छ। पाँचौ खेलमा उद्यमशील नेपालले खेलकुद विकास समितिलाई १०-० गोल अन्तरले पराजित गरेको छ। छैटौं खेलमा गढी स्टार क्लबले र नवजागृति युवा क्लबलाई ३-१ गोल अन्तरले पराजित गरेको छ। सातौं खेलमा देवीडाँडा युवा क्लबले र सेर्गे गुम्बा युवा क्लबलाई ५-३ गोल अन्तरले पराजित गरेको छ भने आठौं खेलमा खेलकुद समितिले इन्क्रोटर युवा क्लबलाई ४-२ गोलअन्तरले पराजित गरेको छ ।

प्रतियोगितामा १८ वटा टिमहरु सहभागी रहेका छन्। प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने टिमले क्रमशः ७५ हजार, ५० हजार र २५ हजार रुपैयाँ पुरस्कारसहित ट्रफी, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । विधागत उत्कृष्ट खेलाडीलाई विशेष पुरस्कारको व्यवस्था गरिएको छ ।

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
The Voice of Community

# क्रिक्सलको उपाधी भ्याक्सन क्लबलाई



उपाधीसाथ भ्याक्सन क्रिकेट क्लबका खेलाडीहरु ।

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका ४ नम्बर वडाको आयोजनामा भएको क्रिक्सल प्रतियोगिताको उपाधी भ्याक्सन क्रिकेट क्लबले जितेको छ । सोमबार राती हेटौंडा-४ स्थित कमलडाँडा फुटसल कोर्टमा भएको फाइनल खेलमा भ्याक्सन क्रिकेट क्लबले द हिटर्स क्लबलाई १६ रनले पराजित गर्दै उपाधी जितेको हो ।

टस जितेर व्याटिङमा उत्रिएको भ्याक्सन क्लबले ६ ओभरमा ४ विकेट गुमाएर ५४ रनको लक्ष्य दिएकोमा द हिटर्स क्लबले ६ ओभरमा ३ विकेट गुमाएर ३८ रन मात्र जोड्न सफल भयो । प्रतियोगिताको उपाधी विजेता भ्याक्सनले २५ हजार रुपैयाँ र उपविजेता टिमले १५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ । त्यस्तै भ्याक्सन क्लबका शुभ कंशाकार प्लेयर अफ द टुर्नामेन्ट घोषित भए । उनले ट्रफि तथा प्रमाण-पत्र प्राप्त गरेका छन् । प्रतियोगिताका संयोजक निरज सिंह ठकुरीको अध्यक्षता तथा वडाध्यक्ष नवीन सिग्देलको प्रमुख आतिथ्यमा पुरस्कार वितरण कार्यक्रम भएको थियो। कार्यक्रममा बागमती प्रदेश क्रिकेट संघको उपाध्यक्ष प्रेम क्षेत्री, वडा सदस्य जेन श्रेष्ठ लगायतको उपस्थिति रहेको थियो ।

# अनुगमनको टोली पुग्दा पसलहरु बन्द

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका-६, चौघडामा बजार अनुगमन टोली पुग्दा किराना पसलहरुले सटर बन्द गरेका छन्। मंगलबार हेटौंडा उपमहानगरपालिकाका प्रवक्ता सविन न्यौपानेको संयोजकत्वमा अनुगमन टोली गएको थाहा पाउनासाथ व्यवसायीले पसलहरु बन्द गरेर बसेका थिए ।

अनुगमनको क्रममा प्रवक्ता न्यौपानेले भन्नुभयो, 'हामी उहाँहरुकै हितका लागि आएका थियौं, उहाँहरु पसल नै बन्द गरेर बस्नुभयो, यहाँ केही खराबी हुनुपर्छ ।' अब चडपर्वलक्षित मात्र नभई पालिकाले एक कार्यतालिका नै बनाएर महिनाको बजार अनुगमन गर्ने उहाँले बताउनुभयो ।

चाडपर्वलक्षित बजार अनुगमन टोली खाद्य पदार्थको अनुगमनमा सक्रिय बनेको छ । खाद्य पदार्थ एवम् कच्चा पदार्थको स्वच्छता कायम गर्ने उद्देश्यले नियमनकारी निकायका प्रतिनिधि सम्मिलित अनुगमन टोली अनुगमनमा गएको हो ।

चाडबाडको समयमा सर्वसाधारणहरु मारमा नपरुन् भनेर जिल्ला प्रशासन कार्यालय, घरेलु र साना उद्योग कार्यालय, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, स्थानीय तहहरुले खाद्य पदार्थहरुको अनुगमन गर्दै आएको छ । अनुगमनको क्रममा म्याद गुज्रिएका सामान र सार्वजनिक निकाय नजिक रहेको सुर्तीजन्य पदार्थ पसलबाट बरामद गरी नष्ट गरिएको छ ।

पसलमा मूल्यसूची राख्न, सार्वजनिक स्थल आसपास सुर्तीजन्य पदार्थ नबेच्न व्यवसायीहरुलाई अनुगमन टोलीले निर्देशनसमेत दिएको छ ।

हेटौंडा उपमहानगरपालिकाको संयोजकत्वमा भएको अनुगमनमा जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि, घरेलु तथा साना उद्योग कार्यालयका प्रतिनिधि, मकवानपुर उद्योग वाणिज्य संघका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

# खुला दौडमा लामा प्रथम

समाज संवाददाता

हेटौंडाः जेसीआई चैनपुर प्रस्तावितको जेसीज सप्ताह कार्यक्रम अन्तर्गत भएको २ किलोमिटर खुला दौड प्रतियोगितामा मनहरी-९, रजैयाका प्रताप लामा प्रथम भएका छन् । १५ प्रतिस्पर्धीलाई उछिन्दै उनी प्रथम भएका हुन् । उनी थ्रीस्टार क्लबबाट फुटबल खेल्दै आएका ए डिभिजन खेलाडी हुन् । प्रतियोगितामा मनहरी-३ लामिटारका रामबहादुर राई द्वितीय हुँदा रजैयाकै दिपेन्द्र न्यौपाने तृतीय भएका छन्।

प्रथम, द्वितीय र तृतीय भएकाहरुले क्रमशः नगद ५ हजार, ३ हजार र २ हजार रुपैयाँसहित प्रमाणपत्र प्राप्त गर्नेछन्। उनीहरुलाई जेसीज सप्ताहको समापनको क्रममा पुरस्कार प्रदान गरिनेछ। कार्यक्रम संयोजक मनिष पौडेलको संयोजकत्व एवम् चैनपुर जेसीजका अध्यक्ष गणेशदर्पण अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा मनहरी गाउँपालिका ४ नम्बर वडा अध्यक्ष प्रकाश थापाको प्रमुख आतिथ्य रहेको थियो। वडा अध्यक्ष थापाले जेसीज लगायतका संस्थाले सामाजिक विकासमा महत्वपूर्ण सघाउ पुऱ्याउँदै बताउनुभयो । उहाँले सामाजिक संघसंस्थाहरुसँग समन्वय गरेर अघि बढ्न तयार रहेको जानकारी गराउनुभयो ।

कार्यक्रममा जेसीजका अध्यक्ष सल्लाहकार विदुर थापा, स्थानीय नवज्योति प्राविका शिक्षक नवीनकुमार रेग्मी, जेसीज सप्ताह सहमूल कार्यक्रम संयोजक मिलन ढुंगाना लगायतले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रममा स्थानीय समाजसेवी राजेन्द्र कुँवर, लामिटार मध्यवर्ती सामुदायिक उपभोक्ता समूहका कोषाध्यक्ष जयराम राई, सानाकिसान सहकारीका व्यवस्थापक सुरेन्द्र तितुङ लगायतको आतिथ्य रहेको थियो ।

वडा दशैंको हार्दिक मंगलमय शुभकामना
वडा दशैंको शुभ अवसरमा सम्पूर्ण विद्यार्थी, शिक्षक, कर्मचारी, अभिभावक, सहयोगी, शुभेच्छुक सम्पूर्णमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं । पर्व बिदामा पनि परिवारमा अध्ययन, सिकाई र सकारात्मक अभ्यासका क्रियाकलापमा ध्यान दिनुहुन आदरणीय अभिभावक वर्गमा अपील समेत गर्दछौं ।
श्याम कुमार बानियाँ, प्रिन्सीपल
एवम् ज्ञानोदय बालबाटिका आवासीय मावि
हेटौंडा-५, पिप्ले

वडा दशैंको हार्दिक मंगलमय शुभकामना
वडा दशैंको शुभ अवसरमा सम्पूर्ण विद्यार्थी, शिक्षक, कर्मचारी, अभिभावक, सहयोगी, शुभेच्छुक सम्पूर्णमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं । पर्व बिदामा पनि परिवारमा अध्ययन, सिकाई र सकारात्मक अभ्यासका क्रियाकलापमा ध्यान दिनुहुन आदरणीय अभिभावक वर्गमा अपील समेत गर्दछौं ।
फुर्वा दोर्जे लामा
अध्यक्ष, विव्यस
माधवप्रसाद दाहाल
प्रधानाध्यापक
एवम् भुटनदेवी माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय) परिवार
हेटौंडा-४, मकवानपुर

वडा दशैंको हार्दिक मंगलमय शुभकामना
वडा दशैंको शुभ अवसरमा सम्पूर्ण विद्यार्थी, शिक्षक, कर्मचारी, अभिभावक, सहयोगी, शुभेच्छुक सम्पूर्णमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं । पर्व बिदामा पनि परिवारमा अध्ययन, सिकाई र सकारात्मक अभ्यासका क्रियाकलापमा ध्यान दिनुहुन आदरणीय अभिभावक वर्गमा अपील समेत गर्दछौं ।
गोपाल बहादुर श्रेष्ठ
अध्यक्ष
रामशरण रिजाल
प्रिन्सीपल
एवम् माउण्ट एभरेष्ट इंग्लिस बोर्डिङ स्कूल परिवार
हेटौंडा-८, कमाने

स्वादिष्ट नेवारी खाजा
अब होटल बासुकला (फास्टफुड) मा
स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायत
सुख्खा रोटी, आलु पराठा, फ्राइ राइस, मटन मम, बिरयानी, कोन डग, सेकुवा, चिकेन क्रन्ची,
होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।
हेटौंडा-४ पारिजातपथ, ०५७-५२६०१३

A.N.B. ELECTRONICS
Hetauda-4, Khopegalli
२०-२५% दशैं विशेष अफर
AC, FREEZE, REFRIGERATOR, WASHING MACHINE, DEEP FREEZER, COOlER तथा अन्य ईलेक्ट्रोनिक्स सामानहरू होलसेल मुल्यमा पाईन्छ ।
साथै AC, FREEZE, REFRIGERATOR, WASHING MACHINE, मर्मत गर्नुपरेमा तपाईको घरमै प्राविधिक उपलब्ध गराईनेछ ।
प्रोप्राईटर: अंकित ढकाल
९८५५०-६२९७७

हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।
Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ